गण्डकी प्रदेश सरकार
युवा खेलकुद तथा सामाजिक बिकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८२/८३
चलानी नम्बर:

मिति: २०८२/०६/०८

## घर भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।०६।०८)

यस कार्यालयलाई हिंसा प्रभावितहरुका लागी अल्पकालिन आश्रयस्थल सञ्चालन गर्ने प्रयोजनको लागि निजी घर भाडामा लिनुपर्ने भएकोले पुतलीबजार नगरपालिका अन्तर्गत वडा नं १ र ३ भित्रका घर धनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही आफुले भाडामा दिन चाहेको घर बहाल कर १० प्रतिशत सहितको मासिक घरभाडा दर अंक र अक्षरमा स्पष्ट उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा घर भाडा सम्बन्धी शिलबन्दी निवेदन पेश गर्नुहुन सम्बन्धित सबै घरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) शिलबन्दी निवेदनमा घर बनेको स्थान र जग्गाको कित्ता नं. उल्लेख गरी निवेदन साथ घरधनीको नेपाली नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

२) भाडामा लगाउने घरमा कम्तीमा ४ र अधिकतम ६ कोठा सम्म भएको र शौचालयको व्यवस्था भएको हुनुपर्नेछ साथै खानेपानीको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

३) मोटरसाईकल पार्किङ्गको लागि व्यवस्था भएको हुनुपर्ने छ।

४) नयाँ बनेको, रंग रोगन नयाँ भएको तथा सरसफाइ उचित भएको र सबै कोठाहरुमा उज्यालो पर्ने घरलाई प्राथमिकता दिइनेछ।

५) पर्खाल तथा बलियो गेट भएको सुरक्षाको दृष्टिकोणले उपयुक्त घर हुनुपर्नेछ।

६) कुनै पनि शर्त सहित पेश गरेको निवेदन स्वीकार गरिनेछैन।

७) पेश गरिएका निवेदनहरु तोकिएको शर्तहरुको अधीनमा रही मूल्यांकन गर्ने र स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८) यस सूचनामा उल्लेख नभएका कुराहरुको सन्दर्भमा प्रचलित कानून वमोजिम हुनेछ।

९) यस सम्बन्धी थप जानकारीको लागि कार्यालय समयमा सामाजिक विकास कार्यालयमा र अन्य समयमा फोन नं. ९८५६०६१७२६ मा सम्पर्क गरी बुझ्न सकिने छ।

जिवन पौडेल
कार्यालय प्रमुख
कार्यालय प्रमुख

Phone: 069-440393&e-mail:doi.mustang@gmail.com